प्रति साधारण शेयर रु.१००/- अंकित दरको ४,००,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

कर्णाली डेभलपमेण्ट बैंक लि.
Karnali Development Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)

(बर्दिया, बाँके, र दाङ्ग जिल्ला कार्यक्षेत्र भएको)

नेपालगञ्ज उप.म.न.पा.-२, बाँके, नेपाल
फोन नं.: ०८१-५२६०१४, ०८१-५२६०१५ फ्याक्स नं. ०८१-५२६०४४
E-mail: kdbl@ntc.net.np , Website: www.kdblnepal.com

यस कम्पनीको हकप्रद शेयर निष्काशन गर्नका लागि ईक्रा नेपाल लि. बाट "ईक्रा एनपि आईपिओ ग्रेड ४" को प्रमाणपत्र प्राप्त गरेको छ ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति: २०७३/०२/०२ गते

निष्काशन बन्द हुने मिति: २०७३/०३/०५ गते

(बैकिङ्ग समय पश्चात्)

२ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

डेभलपमेण्ट बैंकको हाल कायम चुक्ता पूँजी रु.८,००,००,०००/- को दुई शेयर बराबर एक (२ : १) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ४,००,००० कित्ता हकप्रद साधारण शेयर मिति २०७३/०१/१३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम :

कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड (Karnali Development Bank Limited)।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय नेपालगञ्ज उप.म.न.पा.-२, बाँकेमा रहेकोछ।

३. कारोवार स्थान :

यस डेभलपमेन्ट बैंकको वित्तीय कारोवार गर्ने मुख्य स्थान नेपालगञ्ज उप.म.न.पा.-२, बाँकेमा रहेकोछ। यसको अलावा डेभलपमेन्ट बैंकले आफ्नो कार्यक्षेत्र अन्तर्गत बाँके जिल्लाको कोहलपुर, खजुरा बर्दिया जिल्लाको भुरीगाँउ, बाँसगढी, सानोश्री, गुलरिया र दाङ्ग जिल्लाको तुल्सीपुर, घोराही, लमही र भालुबाङ स्थित आफ्नो शाखा कार्यालय मार्फत वित्तीय कारोवारहरु गर्दै आइरहेको छ। साथै यस डेभलपमेन्ट बैंकले भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५९/११/२२ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६०/१०/२२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६०/११/०६ गते देखि डेभलपमेन्ट बैंकले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ। यस डेभलपमेन्ट बैंकका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, पर्यटन, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन्। नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस डेभलपमेन्ट बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ।

- अ) डेभलपमेन्ट बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
- आ)कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
- इ) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
- ई) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुऱ्याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुऱ्याउने र
- उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी :
यस डेभलपमेन्ट बैंकको अधिकृत पूँजी रु.२०,००,००,०००/- (अक्षरेपी बिस करोड) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ख) जारी पूँजी :
यस डेभलपमेन्ट बैंकको जारी पूँजी रु.१२,००,००,०००/- (अक्षरेपी बाह्र करोड) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १२,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। यस विवरण मार्फत् निष्काशन गरिने हकप्रद शेयर निष्काशन गरे पश्चात डेभलपमेन्ट बैंकको जारी पूँजी रु.१२,००,००,०००/- (अक्षरेपी बाह्र करोड) हुनेछ।

ग) चुक्ता पूँजी :
हाल डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.८,००,००,०००/- (अक्षरेपी आठ करोड) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ८,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। स्वीकृत विवरण मार्फत् निष्काशन गरिने हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.१२,००,००,०००/- (अक्षरेपी बाह्र करोड) हुनेछ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भूक्तानी प्रतिशत
(क)	संस्थापक	६,१२,०००	५१%	६,१२,००,०००/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	५,८८,०००	४९%	५,८८,००,०००/-	शतप्रतिशत
	जम्मा	**१२,००,०००**	**१००%**	**१२,००,००,०००/-**	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

डेभलपमेन्ट बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ।

सि.नं	नाम, ठेगाना	पद	योग्यता	व्यवसायिक अनुभव	प्रतिनिधित्व समूह
१.	पशुपती दयाल मिश्रा नेपालगँज-५, बाँके	अध्यक्ष	स्नातकोत्तर	मिति २०५९/१२/४ देखि २०६८/०६/०६ गतेसम्म संस्थापक सञ्चालक र मिति २०६८/०६/०७ देखि हालसम्म अध्यक्ष तथा समाजसेवी।	संस्थापक समूह
२.	डा.उषा शाह नेपालगँज-१३, बाँके	संचालक	एम.वि.वि.एस.	बरिष्ठ चिकित्सक।	संस्थापक समूह
३.	ओम प्रताप राणा नेपालगँज-१५, बाँके	संचालक	प्रमाणपत्र तह	उद्योग व्यवसायी।	संस्थापक समूह
४.	टंक बहादुर बस्नेत नेपालगँज, बाँके	संचालक	प्रमाणपत्र तह	कानून व्यवसायी।	सर्वसाधारण समूह
५.	उषा कुमारी भण्डारी चैलाही-२, दाङ्ग	संचालक	प्रमाणपत्र तह	शिक्षक।	सर्वसाधारण समूह

डेभलपमेन्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम : श्री राजेन्द्र वीर राय
ठेगाना : नेपालगञ्ज १३, सुर्खेत रोड, बाँके
योग्यता : स्नातकोत्तर
अनुभव : विभिन्न बैंक तथा वितीय संस्थामा अध्यक्ष/संञ्चालक/प्रमुख कार्यकारी अधिकृत भई १८ वर्ष कार्य गरेको।

८. संचालक समितिको बनौट :

डेभलपमेन्ट बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ६(छ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	२ जना
जम्मा	**५ जना**

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

यस डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या (बोनश शेयर बाहेक) ८,००,००० कित्ताको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा (अर्थात् हाल कायम २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु. १००/- का दरले जम्मा ४,००,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम तथा हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था ।

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि डेभलपमेन्ट बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति २०७३/०१/१३ गते सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन्। यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा माथिल्लो नजिकको शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ। यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँड गरिनेछ। यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई डेभलपमेन्ट बैंकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँड गरिनेछ। यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन। तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" भएको व्यवस्था अनुसार सञ्चालक समितिले निर्णय गर्नेछ।

१२. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१. शेयर पूँजी	८०,०००	१२०,०००	१३१,०००	१६३,०८०	१७९,३८८	१९७,३२७
२. जगेडा तथा कोषहरु	१७,७७५	१३,९५८	१३,९१७	१९,५५४	२४,३९३	३५,२७३
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-
५. निक्षेप दायित्व	१,०३०,७६८	१,२६९,९२०	१,४६९,९०८	१,६७९,२७३	१,९३८,२४९	२,२४३,०७५
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	१,०५३	५७९	-	६,५२३	८,९६९
८. आयकर दायित्व	४७०	१,९४५	२,५००	-	-	-
९. अन्य दायित्व	१४,८६९	१५,२३४	१४,२२३	१५,९४५	१८,८६७	२१,७८०
कुल पूँजी तथा दायित्व	१,१४३,८८२	१,४२२,११०	१,६३२,१२७	१,८७७,८५२	२,१६७,४२०	२,५०६,४२४

सम्पत्ति	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१. नगद मौज्दात	१२९,२२४	१०७,६०३	१२७,४३५	७५,५६७	८७,२२१	१००,९३८
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२७,००१	३९,४८६	८४,९२७	९२,३६०	१०६,६०४	१२३,३६९
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	४८४	१०,२१९	१३८,२४२	१६,७९३	१९,३८२	२२,४३१
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	२४३,६१९	४०८,७७४	३९२,५५३	१४१,६०८	१७८,२४४	१७३,७२०
५. लगानी	३,०००	३,०००	३,०००	४१३,०००	३७३,५००	३३४,५२५
६. कर्जा सापट तथा बिल खरिद	६४३,२८२	७६१,९९६	७६२,९५५	१,००१,५८३	१,२४६,६७२	१,५७५,१३९
७. स्थिर सम्पत्ति	३४,२६५	३१,७४९	३३,७४५	३५,७१९	३९,४२८	४२,५१३
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	६३,००७	५९,२८३	८९,२७०	१०१,२२२	११६,३६९	१३३,७८९
कुल सम्पत्ति	१,१४३,८८२	१,४२२,११०	१,६३२,१२७	१,८७७,८५२	२,१६७,४२०	२,५०६,४२४

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१. व्याज आम्दानी	११२,५४७	१४३,९०४	१३२,२२४	१८४,४२८	२१२,१५६	२५४,३७५
२. व्याज खर्च	७१,२१५	७५,५४७	७१,६५६	१०३,५६४	११२,३९३	१३२,३३४
खुद ब्याज आम्दानी	४१,३३२	६८,३५७	६०,५६७	८०,८६४	९९,७६३	१२२,०४०
३. कमिशन तथा डिस्काउण्ट	३,६६८	२,५३६	२,५२२	३,०२७	३,६३२	४,३५९
४. अन्य संचालन आम्दानी	८,३५७	११,८४८	१०,२०४	१२,२४५	१४,६९४	१७,६३३
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-
कुल संचालन आम्दानी	५३,३५८	८२,७४१	७३,२९४	९६,१३६	११८,०८९	१४४,०३२
६. कर्मचारी खर्च	१७,४४१	२०,६८५	२१,०७९	२३,१८७	२५,५०५	३०,६०६
७. अन्य संचालन खर्च	२७,६११	३१,८११	३१,९६४	३६,७५८	४२,२७२	५०,७२७
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-
सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा	८,३०६	३०,२४४	२०,२५१	३६,१९१	५०,३१२	६२,६९९
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	८,०६४	३,२७८	१,२२५	८,३५१	६,८३०	३,३१८
संचालन मुनाफा/(नोक्सान)	२४२	२६,९६६	१९,०२६	२७,८४०	४३,४८२	५९,३८१
१०. गैर संचालन आम्दानी/(नोक्सान)	-	१३१	(६७)	-	-	-
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	-	-	-	-	-
नियमित कारोबारबाट भएको मुनाफा	२४२	२७,०९७	१८,९५९	२७,८४०	४३,४८२	५९,३८१
१२. असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा	२४२	२७,०९७	१८,९५९	२७,८४०	४३,४८२	५९,३८१
१३. कर्मचारी बोनस व्यवस्था	२२	२,४६३	१,७२४	२,५३१	३,९५३	५,३९८
१४. आयकर ब्यबस्था	२१७	७,३९८	५,६९८	७,५९३	११,८५९	१६,१९५
यस वर्षको	१,४८६	७,७३१	५,५००	७,५९३	११,८५९	१६,१९५
गत वर्षको	-	६४	६२६	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	(१,२६८)	(३९७)	(४२८)	-	-	-
खुद मुनाफा/(नोक्सान)	२	१७,२३६	११,५३८	१७,७१७	२७,६७०	३७,७८८
शेयर संख्या (हजारमा)	८००	८००	१,०००	१,५१०	१,६३१	१,७९४
प्रति शेयर आम्दानी (रु.)	०.००	२१.५४	११.५४	११.७३	१६.९७	२१.०६

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
चुक्ता पूँजी	८०,०००	८०,०००	१००,०००	१५१,०००	१६३,०८०	१७९,३८८
जगेडा तथा कोषहरु	१७,७७५	१३,९५८	१३,९१७	१९,५५४	२४,३९३	३५,२७३
कुल	९७,७७५	९३,९५८	११३,९१७	१७०,५५४	१८७,४७३	२१४,६६१
घटाउने : अपलेखन गर्न बाँकी खर्च	१,०९९	५५०	२३५	-	-	-
कुल नेटवर्थ	९६,६७६	९३,४०९	११३,६८२	१७०,५५४	१८७,४७३	२१४,६६१
शेयर संख्या (हजारमा)	८००	८००	१,०००	१,५१०	१,६३१	१,७९४
प्रति शेयर नेटवर्थ (रु.)	१२१	११७	११४	११३	११५	१२०
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	०.००%	१८.४५%	१०.१५%	१०.३९%	१४.७६%	१७.६०%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				१३.५३%		

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता डेभलपमेन्ट बैंक आफैले तयार पारेको हो। उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरपिबि एण्ड एशोसिएट्स, डिल्लीबजार, काठमाण्डौं रहेको छ।

१३. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभाबित आर्थिक जोखिमहरु :

- क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
- ख) डेभलपमेन्ट बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम।
- ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकारबाट हुन सक्ने परिवर्तनबाट वित्तीय संस्थाको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव।
- घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
- च) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु।
- छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु।
- ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
- झ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु।
- ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु।

यस डेभलपमेन्ट बैंकको सञ्चालनको इतिहास १२ (बाह्र) वर्षको रहेकोछ। डेभलपमेन्ट बैंकको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन्। यस विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ। यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम:

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

1) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व डेभलपमेन्ट बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन्।
2) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली डेभलपमेन्ट बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
3) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
4) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ।
5) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
6) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरिनेछ।
7) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन।
8) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा डेभलपमेन्ट बैंकको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।

१५. यस कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्यूनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०६९/०७०	८८	४९	५४	२९.२०
०७०/०७१	१९३	४९	१९३	११०.२८
०७१/०७२	३५०	१३८	२६७	१७१.८५४
महिना	**अधिकतम शेयर मूल्य (रु)**	**न्यूनतम शेयर मूल्य (रु)**	**अन्तिम बजार मूल्य (रु)**	**शेयर कारोबार संख्या (हजारमा)**
२०७२ कार्तिक	२५३	२२०	२२१	१.१९
२०७२ मंसिर	२३०	२०५	२०९	४.२१७
२०७२ पौष	२२४	१९२	१९८	६.३२२

द्रष्टब्य: यस डेभलपमेन्ट बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचिबाट प्राप्त गर्न सकिनेछ।

१६. शेयर बाँडफाँड सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" ले निर्धारित गरेको समयभित्र डेभलपमेन्ट बैंकको सञ्चालक समितिले हकप्रद शेयरको बाँडफाँड गरी हकप्रद शेयरको प्रमाणपत्र वितरण गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ।

१७. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी ब्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद शेयरको खरिद विक्रीको व्यवस्था मिलाइने छ।

१८. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइने छ। यसरी आफ्नो हक अन्य ब्यक्तिलाइ हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" मा भएको देहायका ब्यवस्था अनुसार उक्त नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

- (क) अफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक ब्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने भएको,
- (ख) मनोनयन भइ शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
- (ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
- (घ) कम्पनीको प्रबन्धपत्र नियमावलीमा भएको ब्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरीने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
- (ङ) संगठित संस्थाको प्रबन्धपत्र, नियमावलीको ब्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरीएको भएमा सोहि समुहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछी कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा परीवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने ब्यवस्था तथा मताधिकार सम्बन्धि स्पष्ट ब्यावस्था भएको,
- (च) प्रचलित कानून अनुरुप मनोनित हुने ब्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
- (छ) हकप्रद शेयर विक्रि खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन ब्यवस्था गरिएको।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

1) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न।
2) डेभलपमेन्ट बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप बिशेष साधारण सभाबाट २ : १ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न।
3) डेभलपमेन्ट बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
4) डेभलपमेन्ट बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि डेभलपमेन्ट बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
5) डेभलपमेन्ट बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि डेभलपमेन्ट बैंकको पूँजी आधारलाई मजवुत तुल्याइ राख्न।

२०. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी विकास बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ।

क्र.सं.	विवरण	रकम
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिव रु.७५,००,०००/-
२.	कर्जा तथा लगानी प्रवाह	करिव रु.२,५०,००,०००/-
३.	शाखा विस्तार	करिव रु.२५,००,०००/-
४.	सरकारी ऋणपत्र	करिव रु.५०,००,०००/-
	जम्मा	करिव रु. ४,००,००,०००/-

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाइ निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री सेन्चुरी कमर्शियल बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं।	००१०००२०८६CA
२.	श्री सानिमा बैंक लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं।	००१०००१०३९२०७

उपरोक्त निष्काशन बैंकहरुमा दरखास्त फारम वितरण गर्ने तथा बुझिलिने ब्यबस्था गरिएको छैन।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ। सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको "धितोपत्र निष्काशन निर्देशिका, २०६५" को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा साठी दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ।

२३. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

1. श्री ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड, दरवारमार्ग, काठमाण्डौं।
2. श्री कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड, नेपालगञ्ज, बाँके तथा डेभलपमेन्ट बैंकको अन्य कार्यालयहरु।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फारम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ। हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड, दरवारमार्ग, काठमाण्डौको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड, दरवारमार्ग, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ। शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।

२४. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस डेभलपमेण्ट बैंकको संचालकहरु तथा आधारभुत शेयरधनीहरुले जम्मा गर्नुपर्ने रकम रु.१,३०,९४,०००/- मध्ये शत् प्रतिशत भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड, दरवारमार्ग, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्त फारामको नमूना

कर्णाली डेभलपमेण्ट बैंक लि.
Karnali Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)
(बर्दिया, बाँके, र दाङ्ग जिल्ला कार्यक्षेत्र भएको)
नेपालगञ्ज उप.म.न.पा.-२, बाँके, नेपाल, फोन नं.: ०८१-५२६०१४, ०८१-५२६०१५ फ्याक्स नं. ०८१-५२६०४४
E-mail: info@kdblnepal.com , Website: www.kdblnepal.com
को

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

कोड नं. ☐☐☐

मार्फत: GROWMORE Merchant Banker Ltd.
ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड
दरवारमार्ग, काठमाण्डौ, फोन : ४२२२९८७, फ्याक्स : ४२२२८०२
Email: info@growmoremerchant.com
Url:www.growmoremerchant.com

शेयरधनी नं./परिचय नं.

DP ID ☐☐☐☐☐☐☐☐
Client ID ☐☐☐☐☐☐☐☐

श्री संचालक समिति,
कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड
नेपालगञ्ज उ.मा.पा.-१६, बाँके, नेपाल ।

महाशय,

त्यस डेभलपमेन्ट बैंकबाट प्रकाशित 'हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू' अनुसार मिति २०७३/०१/१३ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा ...... कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुंदा डेभलपमेन्ट बैंकले जारी गरेको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा ...... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा ...... कित्ता तथा हक हस्तान्तरण भै आएको ...... कित्ता गरि जम्मा ...... कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौ । त्यस डेभलपमेन्ट बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

साविकको			कायम हक अनुसार लिन चाहेको जम्मा शेयर कित्ता		हक हस्तान्तरण गरिदिनेको शेयरधनी नं.	हक हस्तान्तरण गरी लिएको हकप्रद शेयर	कायम तथा हक हस्तान्तरण जोड गरी लिन चाहेको जम्मा हकप्रद शेयर कित्ता	
शेयर प्रमाण-पत्र नं.(हरु)	जम्मा शेयर कित्ता							
	अंकमा	अक्षरमा	अंकमा	अक्षरमा		अंकमा	अंकमा	अक्षरमा

माथी कोष्ठमा नपुगेमा छुट्टै कागजमा विवरण भर्नुभई दस्तखत गरि संलग्न गर्नुहोला ।

प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.		अक्षरेपी			
रकम बुझाएको स्थान:		रसिद भौचर नं.:		मिति:	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक			
	In English	Mr./Mrs./Miss/Minor			USE CAPITAL LETTER
ठेगाना	वडा/घर नं./टोल		गा.वि.स./न.पा.		
Address	Ward/House No./Tole		VDC/Municipality		
जिल्ला		E-mail		Mobile/Phone No.	
District		P.O. Box No.		P.B. District	
बाबुको नाम					
Father's Name					
बाजे/पति/पत्नीको नाम					
Grandfather's/ Husband's Wife's Name					
संरक्षकको नाम (नाबालकको हकमा)					

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत वैधानिक हो। नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको स्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं।

नोट:
1. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं. अनिवार्य रूपले उल्लेख गर्नु पर्नेछ ।
2. धेरै शेयर प्रमाण-पत्रहरू भएमा छुट्टै सिटमा उल्लेख गरी यस दरखास्त फारामसाथ संलग्न गर्नु हुन अनुरोध छ ।
3. DEMAT तथा भौतिक शेयर दुवै भएमा छुट्टाछुट्टै फाराम भर्नुपर्नेछ ।
4. DEMAT भएमा शेयरधनीले अनिवार्य रूपमा DPID/Clint Id दुवै उल्लेख गर्नुपर्नेछ तथा आफ्नो Demat खाताको Statement समेत संलग्न गर्नुहुन अनुरोध छ ।
5. चेक भुक्तान नभएमा दरखास्त फारम स्वत: रद्द हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरू पूर्ण रूपमा ठिक सा'चो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फत: GROWMORE Merchant Banker Ltd.
ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड
दरवारमार्ग, काठमाण्डौ, फोन : ४२२२९८७, फ्याक्स : ४२२२८०२
Email: info@growmoremerchant.com
Url:www.growmoremerchant.com

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	KARNALI DEVELOPMENT BANK LTD.				
No. Of shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(Applicant's Signature)

For Official Use Only: Code No. ☐☐☐
Received by: DP ID ☐☐☐☐☐☐☐☐
Date: Stamp Client ID ☐☐☐☐☐☐☐☐

१) हकप्रद साधारण शेयर प्रमाण-पत्र लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। २) हकप्रद साधारण शेयर बाँडफाँडमा परेका शेयरधनीले शेयरको प्रमाण-पत्र बुझ्न आउँदा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा अन्य कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। ३) हकप्रद साधारण शेयरको प्रमाण-पत्र लिन आउँदा आफू उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडी मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिद अनिवार्य रुपमा पेश गरी शेयरधनीको नागरिकता प्रमाण-पत्रको वा अन्य कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपिका साथै मञ्जुरीनामा प्राप्त गर्ने व्यक्तिको परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

GROWMORE Merchant Banker Ltd.
ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड
दरवारमार्ग, काठमाण्डौं, फोन : ४२२२९८७, फ्याक्स : ४२२२८०२
Email: info@growmoremerchant.com, Url:www.growmoremerchant.com